स्थानीय राजपत्र

मन्थली नगरपालिकाद्वारा प्रकाशित

संवत् २०८२ सालको कार्यविधि नं. ३

वर्ष ८, अङ्क ३, ०६ असार २०८२

लोक कल्याणकारी विज्ञापन वितरण सम्बन्धी कार्यविधि २०८२

मन्थली नगरपालिकाको नगर कार्यपालिकाबाट मिति २०८२ असार ०६ गते पारित भएको लोक कल्याणकारी विज्ञापन वितरण सम्बन्धी कार्यविधि २०८२ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ।

प्रस्तावना : नगरवासीको सूचना पाउने हकको सुनिश्चिता गर्दै आम नागरिकसम्म सूचनाको पहुँच पुऱ्याउनका साथै आमसंचार माध्यमको दिगो विकासमा टेवा पुऱ्याउन समानुपातिक र न्यायोचित रूपमा विज्ञापन एवं लोककल्याणकारी सूचना उपलब्ध गराउने कार्यलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित गर्ने उद्देश्यले मन्थली नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यो कार्यविधिको नाम **"लोक कल्याणकारी विज्ञापन वितरण सम्बन्धी कार्यविधि २०८२"** रहेको छ ।

(ख) यो कार्यविधि मन्थली नगरपालिकाको कार्यपालिका बैठकबाट पारित भई नगर प्रमुखले प्रमाणिकरण गरेको मितिदेखि प्रारम्भ हुने छ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा (क) **"सञ्चार माध्यम"** भन्नाले रामेछाप जिल्लामा दर्ता भई वा अन्य निकायमा दर्ता भए तापनि मन्थली

नगरपालिका कार्य क्षेत्रका लागि नगरपालिकाबाट इजाजत लिएका र नियमित रूपमा सञ्चालनमा रहेका दैनिक, साप्ताहिक, पाक्षिक, मासिक र वार्षिक पत्रपत्रिका, रेडियो, अनलाइन मिडिया तथा टेलिभिजनलाई बुझाउने छ ।

(ख) "**नगरपालिका**" भन्नाले मन्थली नगरपालिका सम्झनु पर्दछ ।

(ग) "**कार्यपालिका**" भन्नाले मन्थली नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "**प्रमुख**" भन्नाले मन्थली नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(ङ) "**उप प्रमुख**" भन्नाले मन्थली नगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।

(च) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले मन्थली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) "**समिति**" भन्नाले प्रकाशन संपरीक्षण तथा अनुगमन समिति सम्झनु पर्दछ ।

(ज) "**लोककल्याणकारी विज्ञापन**" भन्नाले नगरपालिकाले प्रकाशन प्रशारण गर्न अनुमति प्रदान गरेका चेतनामूलक एवं सूचनामूलक सामग्री सम्झनु पर्दछ र यो शब्दले प्रकोपको अवस्थामा प्रकाशन गर्न दिएको सूचना वा सन्देशमूलक सामग्रीलाई समेत जनाउँदछ ।

३. **स्थानीय सञ्चार माध्यमको संरक्षण, लोक कल्याणकारी विज्ञापन वितरण, संपरिक्षण तथा अनुगमन समितिको गठन** : (१) रेडियो, पत्रपत्रिका र अनलाइन मिडियाको संरक्षण, वर्गीकरण तथा अनुगमन गर्न देहायबमोजिमको प्रकाशन संपरिक्षण समिति रहने छ ।

(क) नगर प्रमुख- प्रमुख संरक्षक

(ख) उपप्रमुख- संरक्षक

(ग) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(घ) नगरपालिकाको सूचना अधिकारी -सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख वा प्रमुखले तोकेको प्रतिनिधि- सदस्य

(च) नेपाल पत्रकार महासंघ रामेछापका अध्यक्ष वा महासंघले तोकेको प्रतिनिधि सदस्य - सदस्य

(छ) प्रशासन शाखाका प्रमुख -सदस्य सचिव

(२) समितिले बैठक सम्बन्धी कार्यविधि आफै निर्धारण गर्ने छ ।

(३) समितिको सचिवालयको काम नगरपालिकाको सूचना प्रविधि शाखाले गर्ने छ ।

४. **संपरीक्षण समितिका काम, कर्तव्य र अधिकारहरू :** (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ । (क) लोककल्याणकारी विज्ञापनको आवेदन मागको सूचना जारी गर्ने।

(ख) प्राप्त आवेदनहरू छानबिन गरी सर्त पूरा गरेका सञ्चार माध्यमलाई लोक कल्याणकारी विज्ञापन प्रकाशनको कार्यादेश जारी गर्ने ।

(ग) प्रसारण गर्ने लोक कल्याणकारी विज्ञापनको छनोट, प्रकाशन तालिका निर्धारण गर्ने ।

(घ) लोक कल्याणकारी विज्ञापन वापतको रकमको बाडफाँड गर्ने ।

(ङ) समितिले निर्णय गरेका अन्य कामहरू ।

५. **सूचना प्रकाशन तथा फाराम भर्ने :** (क) समितिले लोक कल्याणकारी विज्ञापन वितरण गर्न सञ्चार माध्यमका लागि न्यूनतम १५ दिनको समयावधि दिई सूचना जारी गर्ने छ ।

(ख) उपदफा (१) बमोजिम सूचनामा उल्लेखित म्यादभित्र सञ्चार माध्यमहरूले विज्ञापन प्रकाशन गर्न अनुसूची (१) बमोजिमको ढाँचामा फाराम भरी नंगरपालिकामा दर्ता गर्नु पर्ने छ ।

(ग) म्यादभित्र दर्ता नभएका फारामलाई लोक कल्याणकारीमा समावेश गरिने छैन ।

(घ) लोक कल्याणकारी विज्ञापनका लागि भाग लिन चाहने सञ्चार माध्यमले सूचना प्रविधि शाखाबाट फाराम लिन सक्ने छन् वा नगरपालिकाको वेवसाइडबाट डाउनलोड गर्न सकिने छ ।

(ङ) लोक कल्याणकारी विज्ञापनका लागि वर्गीकरणमा सहभागी हुने सञ्चार माध्यमले नगरपालिकामा सूचीकृत हुनु पर्ने छ ।

(च) सूचीकृतको दररेट आर्थिक ऐनमा तोके बमोजिम हुने छ ।

६. **लोक कल्याणकांरी सूचना तथा विज्ञापन सम्बन्धी व्यवस्था :** सञ्चार माध्यममार्फत् प्रकाशन गर्नुपर्ने लोक कल्याणकारी सूचना वा विज्ञापन नगरपालिकाको अनुमति लिएर मात्र प्रकाशन वा प्रसारण गर्नु पर्ने छ । यस कार्यविधिमा अन्यथा व्यवस्था भएकोमा बाहेक यो कार्यविधि लागु भएपछि नगरपालिकाको कुनै पनि सूचना वा विज्ञापन प्रकाशन वा प्रसारण गर्न सूचना प्रविधि शाखाले जिम्मेवारी बहन गर्ने छ ।

तर देहायको सूचना वा विज्ञापनको हकमा यो कार्यविधि लागू हुने छैन,- (क) सरोकारवाला व्यक्तिले खर्च बेहोर्ने गरी हकदावी सम्बन्धी सूचना वा विज्ञापन ।

(ख) सूचना वा कार्यक्रम प्रशारण गर्ने गरी नगरपालिकासँग छुट्टै सम्झौता भएका सञ्चार माध्यम ।

(ग) पर्चा, होडिङ्गबोर्ड, ब्रोसर छपाइ तथा सार्वजनिक गर्न ।

(घ) राष्ट्रिय, प्रादेशिक छापा, रेडियो, टेलिभिजन तथा अनलाइन संचार माध्यममा प्रकाशन गर्नुपर्ने टेण्डर, कोटेसन र सूचनाहरू ।

७. **सूचना वा विज्ञापनको वर्गीकरण सम्बन्धी व्यवस्था** : (१) सूचना वा विज्ञापन देहायको आधारमा वर्गीकरण गरी सोही आधारमा विज्ञापनको दररेट निर्धारण गरि तोकिएको संचार माध्यमलाई उपलब्ध गराइने छ :-

(क) सूचना वा विज्ञापनको प्रकृतिको आधारमा (लोक कल्याणकारी सूचना वा विज्ञापन)

(ख) सूचना वा विज्ञापन प्रकाशित गर्नुपर्ने समयका आधारमा (नियमित वा आकस्मिक विज्ञापन वा सूचना)

(ग) विज्ञापन प्रकाशित वा प्रसारित हुने क्षेत्रको आधारमा (राष्ट्रिय, प्रादेशिक र स्थानीय)

(घ) प्रचलित ऐन कानूनले राष्ट्रियस्तरका सञ्चार माध्यमबाट प्रकाशन वा प्रशारण गरिने भनी किटिएका सूचना वा विज्ञापन,

(ङ) कुनै खास क्षेत्र वा कुनै खास क्षेत्रमा बस्ने समुदायको लागि केन्द्रित लोक कल्याणकारी सूचना ।

८. **सञ्चार माध्यमको वर्गीकरण** : (क) सूचना वा विज्ञापनको वितरण प्रत्येक सञ्चार माध्यमको वर्गीकरणको आधारमा समानुपातिक र समन्यायिक रूपमा गरिने छ ।

(ख) सूचना वा विज्ञापन समानुपातिक रूपमा उपलब्ध गराउने प्रयोजनको लागि सञ्चार माध्यमको वर्गीकरण सो सञ्चार माध्यमको प्रकाशन संख्या, ग्राहक र पाठकको पहुँचको क्षेत्रको आधारमा गरिने छ ।

(ग) सञ्चार माध्यमको वर्गीकरण गर्दा प्रेस काउन्सिल नेपालले गरेको सञ्चार माध्यमको वर्गीकरणलाई मुख्य आधार मानिने छ ।

(घ) प्रेस काउन्सिलको वर्गीकरणमा परि नसकेको मिडियाको हकमा नगर प्रमुखको सिफारिसमा समितिबाट भएको निर्णयबमोजिम हुने छ ।

(ङ) एकै परिवारका सदस्य सञ्चालक/प्रकाशक रहेको मिडियाका लागि एउटा मिडियाले मात्र प्राथमिकता पाउने छ ।

९. **विज्ञापन उपलब्ध गराउने तरिका** : मन्थली नगरपालिकाले आफ्नो सूचीमा राखेका सञ्चार माध्यमलाई समितिको निर्णयको आधारमा मापदण्डबमोजिम सूचना वा विज्ञापन समानुपातिक रूपमा उपलब्ध गराउने छः- (क) सञ्चार माध्यमलाई प्रत्येक अंक वा तोकिएको अवधिको लागि पृष्ठ संख्या निश्चित गरी,

(ख) अनलाइन सञ्चार माध्यमको लागि त्यस्तो सञ्चार माध्यमको प्रभावकारिता मूल्यांकन तोकिएको अवधि निश्चित गर्ने ।

(ग) रेडियो र टेलिभिजनका लागि समय अवधि र पटक एकिन गरी प्रशारण गर्ने ।

(घ) सूचीकृतमा परेको सञ्चार माध्यमले नपाएसम्म अर्कोलाई पुन अवसर उपलब्ध गराइने छैन ।

(ङ) वर्गीकरणमा परेका भए पनि नियमित रूपमा प्रकाशन/प्रशारण हुन नसकेका संचार माध्यमलाई सूचना वा विज्ञापन उपलब्ध गराइने छैन ।

(च) संचार माध्यमलाई सुचना वा विज्ञापन उपलब्ध गराउने सम्बन्धमा नगरपालिकाको निर्णय अन्तिम हुने छ ।

(छ) प्रेस काउन्सिलले वर्गीकरण गरेका सञ्चार माध्यमलाई मात्र लोक कल्याणकारी विज्ञापन पाउने सञ्चार माध्यमको सूचीमा राखिने छ ।

(ज) राष्ट्रिय स्तरका संचार माध्यममा प्रकाशित गर्ने सूचना प्रतिस्पर्धामार्फत् विज्ञापन एजेन्सी वा सम्बद्ध निकायलाई उपलब्ध गराइने छ ।

१०. **सूचना वा विज्ञापनको दर** : (क) नगरपालिकाले लोक कल्याणकारी विज्ञापनका लागि समितिको निर्णयको आधारमा प्रत्येक सूचना वा विज्ञापनको लागि फरक फरक प्रकृति र सञ्चार माध्यमको वर्गीकरणका आधारमा सूचना वा विज्ञापनको दर फरक फरक तोक्न सक्ने छ ।

(ख) वर्गीकरणमा परेका संचार माध्यममा उपलब्ध गराउने लोक कल्याणकारी विज्ञापन बापतको दर, रेटको विवरण अनुसूची २ बमोजिम हुनेछ । लोक कल्याणकारी विज्ञापनको बाँडफाँट र दररेट निर्धारण

नगरपालिकाको वार्षिक विनियोजित बजेटको आधारमा समितिले गर्ने छ ।

११. **सञ्चार माध्यमहरूले पूरा गर्नु पर्ने सर्तहरू :** यस कार्यविधि बमोजिम लोक कल्याणकारी विज्ञापन प्राप्त गर्न र भुक्तानी लिन सञ्चार माध्यमहरूले देहायबमोजिमका सर्त पूरा गरेको हुनु पर्ने छ ।

(क) अनुसूची १ बमोजिमको ढाँचामा आवेदन पेस भएको हुनु पर्ने ।

(ख) मन्थली नगरपालिकामा तोकिएको समय भित्र सूचीकृत भएको हुनु पर्दछ ।

(ग) नगरपालिकाभित्र दर्ता भएका र इजाजत लिएका दैनिक पत्रिका नगरपालिका क्षेत्र भित्र पुगेको हुनुपर्ने पर्नेछ । नगरपालिका बाहिर दर्ता भएका सञ्चार माध्यमको हकमा जिल्लाभित्र कार्यक्षेत्र राखी जिल्लामा दर्ता भएका सञ्चार माध्यमलाई दोस्रो प्राथमिकता र बाहिर जिल्लामा दर्ता भई नगरमा सूचीकृत भएका सञ्चार माध्यमलाई तेस्रो प्राथमिकतामा राखी विज्ञापन उपलब्ध गराइने छ ।

(घ) करदाता प्रमाणपत्र लिएको हुनु पर्ने छ ।

(ङ) अघिल्लो आवको कर चुक्ताको प्रमाणपत्र पेस गरेको हुनु पर्ने छ ।

(च) यस कार्यविधिबमोजिम सूचना वा विज्ञापन प्रकाशन वा प्रसारण गर्ने सञ्चार माध्यमले नगरपालिकाले सञ्चार माध्यममा प्रकाशन वा प्रकाशनको लागि सार्वजनिक गरेका नीति, कार्यक्रम, प्रगति तथा प्राकृतिक

प्रकोप सम्बन्धी वा आपतकालीन सूचनाहरू अनिवार्य रूपमा निःशुल्क प्रकाशन/प्रशारण गर्नु पर्ने छ ।

१२. **भुक्तानीका लागि आवश्यक कागजात :** (१) छापा माध्यमको हकमा अंक मिति पृष्ठसमेत देखिने गरी छापिएको सूचनाको छापा मिडियाको सक्कल प्रति

(२) रेडियोको हकमा ट्रान्समिसन लगसिट, कार्यक्रमको गन्ती रजिष्टरको प्रतिलिपि, रेडियो कार्यक्रमको अडियो ।

(३) अनलाइन मिडियाको हकमा यू आर एल लिङ्क

(४) प्रकाशित प्रशारित सामग्रीको URL or Archived web link Impression Report

(५) प्रकाशन/प्रशारणको अभिलेखिकरण र पुष्ट्याइका जिम्मेवार सम्बन्धित सञ्चार माध्यमको हुने छ ।

१३. **संचार माध्यमको अनुगमन सम्बन्धी व्यवस्था :** (क) तोकिए बमोजिम लोक कल्याणकारी विज्ञापन प्रकाशन भए नभएको सम्बन्धमा समितिले अनुगमन निरिक्षण गर्न सक्ने छ ।

(ख) समितिले जुनसुकै समयमा पनि प्रकाशन/प्रशारण संस्थाको निरीक्षण गर्न सक्नेछ । निरीक्षणको समयमा प्रकाशन/प्रशारण र वितरणसँग सरोकार राख्ने कागजपत्र देखाउनु सम्बन्धित संस्थाको कर्तव्य हुने छ ।

(ग) कुनै आवेदकले मूल्यांकनलाई प्रभाव पार्ने दृष्टिकोणले फारममा वास्तविकताभन्दा फरक विवरण उल्लेख गरेको कुरा निरीक्षण वा संस्थाको कार्यालयमा भएका अन्य विवरणबाट थाहा हुन गई प्रमाणित भएमा समितिले लोक कल्याणकारी विज्ञापन सहयोग

बढीमा २ वर्षका लागि स्थगित गर्न सक्ने छ ।

(घ) प्रेस काउन्सिलले जारी गरेको पत्रकारिता सम्बन्धी आचार संहिताअनुसार संचार माध्यम संचालन भए नभएको विषयमा अनुगमन तथा निरीक्षण गर्न सकिने छ ।

(ङ) कुनै एक संस्थाले तीन पटकभन्दा बढी आचार संहिता उल्लंघन गरेमा लोक कल्याणकारी विज्ञापनको लागि अयोग्य ठहरिने छ ।

१४. **बजेट बाँडफाँड प्रक्रिया :** (१) छापा तथा अनलाईन माध्यमको लागि लोक कल्याणकारी विज्ञापनको लागि छुट्टयाइएको रकम देहायबमोजिम बाँडफाँड गरिने छ ।(क) प्रशासनिक खर्च बापत १० प्रतिशत राखिने छ

(ख) विज्ञापन प्रकाशनका लागि ९० प्रतिशत रकम खर्च गरिने छ ।

(२) लोक कल्याणकारी विज्ञापन वितरणको लागि संचार माध्यमको अभिलेख नगरपालिकाको सूचना प्रविधि शाखाले राख्ने छ ।

(३) समितिको बैठक बसेको दिन पदाधिकारी तथा आमन्त्रितहरूलाई नगरपालिकाका बैठक तथा अनुगमनबापत कार्यपालिका सदस्यले पाउनेसरह बैठक अनुगमन सुविधा प्रदान गर्न सकिने छ ।

(४) लोक कल्याणकारी विज्ञापन सम्बन्धमा प्रभावकारिता तथा पृष्ठपोषणका सम्बन्धमा आवश्यकताअनुसार गोष्ठी, अन्तरक्रिया, अनुगमन र निरीक्षण जस्ता कार्यक्रम सञ्चालन गर्न सकिने छ । सो कार्यक्रमको लागि आवश्यक पर्ने रकम यसै कार्यविधिअनुसार

छुट्टयाइएको प्रशासनिक खर्चबाट व्यवस्था गर्न सकिने छ ।

१५. **भुक्तानी प्रकृया** : (क) तोकिएको संचार माध्यमले लोक कल्याणकारी सूचना वा विज्ञापन प्रकाशन भएको पत्रपत्रिका वा अनलाइन पत्रिका आवेदनसहित दिएपछि लोक कल्याणकारी विज्ञापन प्रकाशनको रकम भुक्तानी नगरपालिकाको आर्थिक प्रशासन शाखाबाट गरिने छ ।

(ख) लोक कल्याणकारी विज्ञापनको भुक्तानी हरेक तीन तीन महिनाको अन्तरालमा वितरण गरिने छ ।

१६. **बाधा अड़काउ फुकाउने** : यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा व्यवधान पर्न गएमा बाधा अड्काउ फुकाउने अधिकार नगर प्रमुखमा निहीत रहने छ । यस कार्यविधिको व्याख्या गर्ने अधिकार कार्यपालिकालाई हुने छ ।

अनुसूची १

लोक कल्याणकारी विज्ञापनका लागि पेस गर्ने निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
मन्थली नगरपालिका

विषयः लोक कल्याणकारी विज्ञापन प्रशारण/प्रकाशन अनुमति सम्बन्धमा ।

मन्थली नगरपालिकाको सञ्चार माध्यमका लागि लोक कल्याणकारी विज्ञापन वितरण सम्बन्धी कार्यविधि २०८२ को अधीनमा रही लोक कल्याणकारी विज्ञापन प्रकाशन/प्रशारणको स्वीकृति अनुमतिका लागि देहायको विवरणसहित अनुरोध गर्दछु ।

१. संस्थाको नामः

२. संस्थाको ठेगानाः

३. प्रकाशकको नामः

४. सम्पर्क नम्बरः

५. प्रकाशन/प्रशारण हुने सञ्चार माध्यमको विवरणः

(क) प्रकाशन/प्रशारणको प्रकारः

(ख) स्थानः

(ग) सम्पादकको नामः

(घ) प्रेस काउन्सिल दर्ता र वर्गीकरणको विवरण (प्रकार र स्तर)

६. संलग्न कागजात

(क) प्रचलित कानुनबमोजिम दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ख) प्रेस काउन्सिल नेपालबाट लगातार पछिल्लो दुई आर्थिक वर्ष वर्गीकरणमा परेको प्रमाणपत्रको प्रतिलिपि

(ग) संचालकको नाम ठेगाना र सम्पर्क नम्बरसहितको विवरण

(घ) अघिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

(ङ) नवकिरण

(च) स्थायी लेखा नम्बरको प्रतिलिपि

(छ) अघिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि

(ज) नियमित प्रकाशन/प्रशारणको पुष्ट्याइँ गर्ने कागजात

अनुसूची २

लोक कल्याणकारी विज्ञापन प्रकाशन/प्रशारण गर्ने सञ्चार माध्यमको वर्गीकरण समय, समय तालिका र भुक्तानी दररेट

रेडियो

सि.नं.	प्रकार	समय तालिका	न्यूनतम दर	प्रतिमिनेट थप
१.	सुपर प्राइम			
२	प्राइम			
३	सामान्य			

छापा सञ्चार माध्यम

सि.नं.	प्रकार	पृष्ठ	दर	
१.	दैनिक			
२.	अर्ध साप्ताहिक			
३.	साप्ताहिक			
४.	पाक्षिक			
५.	मासिक, द्वैमासिक, त्रैमासिक			
६.	वार्षिक			

अनलाइन

सि.नं.	प्रकार		दर	
२.	स्किप एड			
२	फ्रन्ट एड			
३.	हेडिङ एड			

आज्ञाले,
देवर्षि सापकोटा
प्रमुख प्राशासकीय अधिकृत